# अरुण उपत्यकामा प्रचलित झ्याउरे लयका हाक्पारे गीतमा रसको अध्ययन

***सहायक प्राध्यापक ताराबहादुर बुढाथोकी***
*वरुण बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय*
*tarabahadurbudhathoki1122@gmail.com*

**लेखसार**

गाउँबस्तीमा एक मान्छेको अनेक भूमिका हुन्छ । गाउँबेसी, भोट-मधेस, गोठ-खेत, घाँस-दाउरा, किसानको जीवनशैली हो । पूजा-आजा, जन्म, बिहे आदि संस्कार हुन्छन् । रमाउन, वेदना पोख्न, आनन्द लिन, माया लाउन, र कुलपितृ खुसी पार्ने पनि मानिसले लोक गीतलाई माध्यम बनायो ।  पूर्वी पहाडमा कान ठेडी मारेर, लेघ्रो तानेर उच्च स्वरमा सुर मिलाएर गाइने लोकगीत हाक्पारे हो । प्रारम्भमा किराँतले पछि सबै जातिले शताब्दीयौंदेखि गाइदै आएको हाक्पारे गीत लोक जीवनको हार्दिक अभिव्यक्ति हो, लोकगीतको उपविधा हो । मनोविज्ञानका अनुसार मानिसमा भय, क्रोध, घृणा, करुणा, काम, आश्चर्य, हास, उत्साह, दैन्यजस्ता मान:संवेग हुन्छन् । मान:संवेग अनुसार भय, क्रोध, जुगुप्सा, शोक, रति, विस्मय, हास, निर्वेद, उत्साह, जस्ता स्थायी भावहरु सुषुप्त अवस्थामा रहन्छन । विभाव, अनुभावले मान:संवेगलाई ब्युत्याउँदा व्याभिचारी भाव सञ्चार हुन्छ । व्याभिचारी भावको स्थायी भावमा संयोग भएपछि रसको परिपारक हुन्छ । पाश्चात्य साहित्य शास्त्रमा चर्चित रस सिद्धान्तको आधारमा अरुण उपत्यकाको हाक्पारे गीतमा प्रयुक्त रसको अध्ययन गरिएको छ । गीतमा सोझै रसभन्दा भावको प्रधानता हुन्छ ।  गीतमा प्रस्तोता नै आलम्बन विभाव भई परिवेशले उद्दीपन विभावको काम गरेको पाइन्छ । परिवेशमा भएका सजीवको क्रियाकलापहरु अनुभाव बनेपछि प्रस्तोता र भावकको मन:संवेग व्युँझन्छन् । व्यभिचारी भाव देखापर्दछ । स्थायी भावमा व्यभिचारी भावको सञ्चार भई रस आस्वादन भएको पाइन्छ ।

***शव्दकुन्जी:*** *अनुभाव, आलम्बन, विभाव, किराँत, लोकगीत, व्यभिचारी भाव, विप्रलम्भशृङ्गार, सम्भोग शृङ्गार*

**विषय परिचय**

हाक्पारे नेपालकोकोसी प्रदेशको पहाडी जिल्लामा प्रचलित लोकभाका हो । लिम्बु समुदायको मुन्धुम, पालाम, साम्लो हाक्पारे हुन् । किराँत समुदायको सम्भ्यताबाट हाक्पारे गीत अन्य जातिमा सञ्चरण भएको हो । हाक्पारेका विविध भाका र शैली पाइन्छ । "हाक्पारे सङ्गीत किराँत जातिको आदिम सभ्यता हो । यो लयको गीत प्राय: सबै उमेर, समय र अवसरमा किराँत जातिमा आपसी आत्मीयता आदानप्रदान गर्ने विशिष्ट परम्परा हो । यस गीतले पूर्वी नेपालको सम्पूर्ण लोकगीतको नेतृत्व गरेको छ" (राई,२०६६,पृष्ठ ८) । हाक्पारे गीत किराँतका साथै अन्य जातिको पनि लोक सम्पदा बनेको छ । "....गीतहरुका  भाकालाई तत्कालीन नेपालका स-साना राज्यहरुमा  बसोबास गरेका राई, गुरुङ, शेर्पाहरुले महत्व दिई सुन्ने र गाउने गर्न थाले" (पराजुली, २०६६) । अम्बिका साम्बाहाम्फेले वि.स. २०७२ मा प्रकाशन गरेको चारमाया पालाम पुस्तकमा सामकेलाकेवाफुङवाले मरेको फुल जगाउँदा ए..ए.. ...ध्वनि निकाल्दा हाक्पारे बन्यो भन्ने किम्वदन्ती उल्लेख गरेका छन् । उनले सोही प्रसङ्गमा उहिले सावायेहाङहरुले धान खान आएको चरो धपाउन हात समातेर धानबारीमा उभिई हा...हा.... हा..... भन्दा हाक्पारे पालाम बन्यो भन्ने किराँती किंवदन्ती प्रस्तुत गरेको पाइन्छ । ए हन हुँरै डानाले .... लगायो माया नानाले भन्दै डाँडाखोला रन्काएर भोजपुरको उत्तरी पाटो र सङ्खुवासभाको पुरैजसो भागमा गाइने तुक मिलेका गेडाहरुलाई हाक्पारे भनिन्छ (बुढाथोकी, २०७१) । हाक्पारेमा तुकबन्दी, निपात, अनुप्रास, सम्वादात्मकता, आञ्चलिकता पाइन्छ । हाक्पारेभित्र पहाडी जीवनका प्रकृति, मानव, भोगाइ र प्रेमलाई आकर्षक रुपमा प्रस्तुत गरिन्छ ।

पूर्वीय साहित्य सिद्वान्तले रसलाई प्रधान काव्यतत्व मानेको छ। विभाव, अनुभाव, व्यभिचारी भावको संयोगले रस निस्पन्न हुन्छ। विभावानुभाव व्यभिचारी भावसंयोगद्रसनिष्पत्ति(भरतमुनि, २०६८)। रति, हास, शोक, क्रोध, उत्साह, भय, जुगुप्सा, विस्मय, आदि स्थायी भाव हुन्। रतिहार्सश्च शोकश्च क्रोधोत्साहो भयं तथा। हास्यो भयानकश्चैव बिभत्सचेती ते नवा (जगन्नाथ, २०६८)॥। विभाव, अनुभाव, व्यभिचारी, भावबाट व्यक्त हुने स्थायी भावबाट रस आस्वादन हुन्छ। यी रस सामग्रीहरु हुन्। विभावेनानुभावेन व्यक्त सञ्चारीण तथा। रसतामेती रत्यादी स्थायीभाव: सचेतसाम् (विश्वनाथ, १९९३)॥। भरतमुनिले वक्यम् रसात्मकम् काव्यम अर्थत् संवेदनशील हृदयको आस्वादनलाई रमणीय आल्हादकारी अनुभूतिसँग जोडेका छन्। रस भावकको मनमा सुषुप्त अवस्थामा रहेको कामादी भावलाई कृतिले ब्युँझाएर चञ्चल बनाएछि प्राप्त हुने आनन्द हो, जसको आस्वादन गरिन्छ। रस परिपाक हुनलाई कृतिमा आलम्बन र उद्दीपन विभाव, अनुभाव, र सन्चारी भाव हुनुपर्छ। सञ्चारीभावले स्थायी भाव जागृत गरेपछि रस परिपाक हुने गर्दछ। अरुण उपत्यकाका हक्पारेमा रस सामग्री पाइन्छन्। पूर्वीय साहित्य सिद्धान्तमा चर्चित रस मान्यताको आधारमा अरुण उपत्यकाका हाक्पारे लोकगीतमा रस परिपाक प्रक्रियाको विश्लेषण गरिनेछ।

पूर्वीय साहित्य सिद्धान्तमा रस मूल काव्यतत्व हो। साहित्यलाई रस सिद्धान्तका आधारमा समालोचना गरिन्छ। अन्य काव्य तत्वसँग रस अभिन्न छ। रस सिद्धान्तको आधारमा कृति समीक्षा गर्नु प्राज्ञिक कार्य हो। हाक्पारे गीत काव्यिक विधा हो। मुन्धुम र पालासँगै उत्पत्ति भएको हाक्पारे सबै भाषाभाषीको साझा लोकगीत बनेको छ। मारुनी, झ्याउरे, गोठाले, आदि भाका र लयमा गाइन्छ। अरुण उपत्यकामा मौलिक हाक्पारे लोकगीत नेपाली साहित्यको आधार हो। विधुतीय सञ्चार माध्यमको प्रयोगसँगै यो लोपोन्मुख अवस्थामा छ। भाषा भूगोल र लयको विविधतामा आधारित हाक्पारे गीतबारे केही अध्ययन भएका छन्। पूर्वीय साहित्य सिद्धान्तको आधारमा विश्लेषण भएको पाइदैन। रस सिद्धान्तको आधारमा हाक्पारे गीतको अध्ययन नभएकाले प्राज्ञिक रिक्तता देखिन्छ। प्रस्तुत अध्ययनपत्रमा अरुण उपत्यकाका हाक्पारे लोकगीतमा प्रयुक्त रससँग सम्बद्ध समस्या समाधानका निम्ति निम्न लिखित शोध प्रश्न निर्धारण गरिएको छ।

क) अरुण उपत्यकाका हाक्पारे लोकगीतमा कुनकुन रस प्रयोग भएका छन्?

ख) अरुण उपत्यकाका हाक्पारे लोकगीतमा रस कसरी परिपाक भएको छ?

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनमा अनुसन्धान प्रश्नको समाधान गर्न निम्नलिखित उद्देश्य निर्धारण गरिएको छ:-

क) अरुण उपत्यकाका हाक्पारे लोकगीतमा प्रयुक्त रस पत्ता लगाउन,

ख) अरुण उपत्यकाका हाक्पारे लोकगीतलाई रस सामग्रीको संयोजन गरी रस परिपाक प्रक्रिया देखाउन।

## लेखको सीमाङ्कन

अरुण उपत्यकाको भूगोल भोट्खोलादेखि धनकुटासम्म छ। यो लेखमा खाँदबारी नगरपालिका, षडानन्द नगरपालिका, चैनपुर नगरपालिका, चिचिला, सभापोखरी, मकालु, सिलिचोङ र साल्पासिलिछो गाउँपालिकाको भौगोलिक सीमा हो। लिम्बु, याम्फु, लोहोरुङ, सुनुवार, मगर, गुरूङ, जातिले गाउने हाक्पारे मातृ भाषामा हुन्छन्। उदाहरण र विश्लेषणको लागि नेपाली भाषा र पुष्टिको लागि संस्कृत भाषा प्रयोग गरिएको छ। हाक्पारे गीत काव्यिक विधा भएकाले संस्कृत साहित्य सिद्धान्तका आधारमा विश्लेषण गर्न सकिन्छ। वि.स. २०३० देखि हालसम्म ५० वर्षका हाक्पारे लिइएको छ। आचार्य मम्मट्को काव्य प्रकाशमा गरिएको रस विवेचना सिद्धान्तमा दश रस र १० स्थायी भाव र ३३ व्यभिचारी भावको चर्चा भएपनि नवरसको परिचय र परिपाक प्रक्रियाको विश्लेषण गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन पत्रमा उल्लिखित उद्देश्य प्राप्तिका लागि गुणात्मक अनुसन्धान विधि र अवधारणात्मक ढाँचा अपनाइएको छ । यहाँ पूर्वीय साहित्य सिद्धान्तका विश्वनाथ, जगन्नाथ र मम्मटका साहित्य सिद्धान्तसम्बन्धी सामग्री प्रयोग गरिएको छ । अरुण उपत्यकाका हाक्पारे गीतसम्बन्धी प्रतिनिधि अनुसन्धाताका पुस्तक तथा सोध लेखहरु प्रयोग गरी उदाहरण सङ्कलन गरिएको छ । स्थलगत अध्ययन, पुर्खाको टिपोट र कार्यक्रम आयोजना पनि गरिएको छ । रस सिद्धान्तका लागि पूर्वीय साहित्य सिद्धान्तका संस्कृत आचार्य तथा नेपाली विद्वानहरुको पुस्तक प्रयोग गरिएको छ । सामग्री सङ्कलनका लागि विधुतीय सञ्चार माध्यमको प्रयोगसंगै पुस्तकालय विधि र भ्रमण विधिको प्रयोग गरिएको छ । यस अध्ययनका निम्ति सङ्कलित सामग्रीलाई विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

### कृति विश्लेषणका सैद्धान्तिक आधार

अध्ययनको सैद्वान्तिक आधार पूर्वीय साहित्य सिद्धान्तको रस सिद्धान्त हो । साहित्यमा रस आस्वादन गरिने विषय हो । पाठक वा भावकको मनमा रति आदि स्थायी भाव सुषुप्त अवस्थामा हुन्छ । काव्य पढ्दा वा गीत सुन्दा सुषुप्त भाव जागृत भै प्राप्त हुने अनुभूति रस हो । भरतमुनिका अनुसार रसिलो वाक्यलाई साहित्य भनिन्छ । (रसात्मक वाक्यम काव्यम) । अग्नि पुराणमा रसेनैव सर्वम काव्यम जिवती अर्थात् रसले नै सबै काव्यलाई जीवन दिन्छ भनिएको छ । आचार्य जगन्नाथका अनुसार शृङ्गार शान्तो रुद्रो वीरोद्भुतस्तथा । हास्ये भयानककश्चैवविभत्श्येतिते नव (जगन्नाथ २०६८) । जगन्नाथले रतिहास्श्चानिर्वेद्क्रोधत् सहसश्चविश्मय: हासो भयं जुगुप्सा च स्थायीभावक्रमादमी (जगन्नाथ, २०६८, ६३) । यसरी स्थायी भावको क्रम निर्धारण गरेका छन् । विश्वनाथले सद्भावास्चेद्विभावादेद्वैरेकस्व्याभवेत् ॥१६॥ झटितेन्यसमापक्षेतदा दोषे न विधते (मम्मट,२५) । भनी सदभावइत्यादीविभाव आदिमा एक वा दुई रह्यो भने आक्षेप गर्ने अरु कोही रहयो भने दोष रहदैन भनी रसलाई दोषमुक्त बनाउने उपाय  सुझाएका छन् ।

आचार्य मम्मटले काव्य प्रकाशको चतुर्थ उल्लासमा संलक्षक्रम व्यंग्य रसादी ध्वनि अन्तर्गत रसको विवेचना गरेका छन् । रसाभाषको समेत चर्चा गरी रसलाई अलङ्कारबाट पृथक बनाएका छन् । रस सामग्रीको स्पष्ट चर्चा गरेका छन् । मनोसंवेगको संख्या दश र स्थयी भावको संख्या पनि दश छन् । वात्सल्यलाई दसौं रसको रूपमा उल्लेख गरेका छन् । दशओटै स्थायी भाव, विभाव, अनुभावलाई पनि सचित्र प्रस्तुत गरेका छन् । रसाभावतदाभाषभावशान्त्यादिराक्रम: । भिन्नरस्यादिलंकारादलन्कार्यण तास्थित: ॥२६॥ (मम्मट, १९९८, पृष्ठ ९४) । स्थायी भाव मनोसंवेग अर्थात प्रकृति प्रदत्त शक्ति, चित्रवृत्ति वा रसको अभ्यन्तर कारण हो । विभाव बहिरङ्ग कारण हो । आलम्बन विभाव व्यक्तिविशेष र उद्दीपन विभाव वस्तु वा परिवेश हो । अनुभाव अभिव्यक्तिको निम्ति शारीरिक वा मानसिक व्यापार हो । स्थायी भावको पुष्टि गर्ने सहकारी सन्चारी भाव हो-कारणार्यथा कार्यानी शकारिनियानी च । रत्यादे:स्थायिनो लोके तानिचेन्नातय काव्ययो  ॥२७॥ भिवानुभावास्तत कथ्यन्ते व्यभिचारीण: । व्यक्त: तैरवीभावाधै: स्थायीभावो रस: स्मृत: ॥२८॥ (मम्मट, २०५०,९६)  । आठ नाट्य रसको विशेष क्रम पनि निर्धारण गरेर कारणसहित बताएका छन् । मम्मटले विप्रलम्भलशृङ्गार रस र करुण रसको तुलना गरेका छन् । भिवानुभावास्तत कथ्यन्ते व्यभिचारीण: । व्यक्त: स तैरवीभावाधै: स्थायीभावो रस: स्मृत: ॥२८॥ (मम्मट, २०५०,९५) । दुवै रसमा वियोग भएपनि विप्रलम्भ शृङ्गार रसमा अस्थायी वियोग, करुण रसमा मृत्यु अनिवार्य भई वियोग स्थायी हुन्छ (शृङ्गार सङ्गमाप्रत्याशय रुतेरुदभवेत । प्रथमन्तु करुण एव इत्यभियूक्त मन्यते (मम्मट, २०५०, १२८) । शृंगार, हास्य, वीर, अदभुत, शान्त, गरी पाँच रस सुखात्मक र करुण रौद्र विभत्स, भयानक गरी चार रस दुखात्मक हुन्छ भन्ने मान्यता पनि पाइन्छ । (शृंगारहास्यवीराद्भुता तत्रा:पन्च सुखात्मन : करुणरौद्रविभत्सभयानकाश्चत्वारो दुखात्मन:) । भयानक, करुण, वीभत्स वा रौद्र रस दुख:दायक हुन्छ तथापि काव्यको अभिनयबाट प्राप्त विभावले उत्पन्न गर्ने रसले आस्वादन गर्नेलाई केही निर्वचनीय क्लेश दशालाई विरेचन गर्छ । विद्वानहरुले रस दुखात्मक नभएर सुखात्मक हुन्छन् । (यत्पुन:सर्वरसानां सुखात्मकत्वमुच्यते तत्प्रतीतीवाधितम) । प्रस्तुत लेखमा अरुण उपत्यकाका हाक्पारे गीतमा रसको अध्ययन गर्न आचार्य मम्मटको काव्य प्रकासमा उल्लेखित संलक्ष्यक्रमध्वनि रसदिनिरुपणम् लाई सैद्धान्तिक आधार बनाई नव रसको खोजी गरिएको छ ।

**अरुण उपत्यकाका हाक्पारेमा रस**

महाकवि देवकोटाले मुनामदन खण्डकाव्यको भुमिकामा भनेका छन् "झ्याउरेलाई निच रुचि र फोहोरी पनबाट शिव, सत्य, सुन्दरका अमर झल्का भएका स्वदेशी ग्राम्य छन्दका कविता स्वरुपमा उठाएर नेपाली जनतासामु पेश गरुँ ।" हाक्पारे गितका प्रयोगकर्ता सबै उमेर समुहका हुन्छन । युवामा जोसमा उत्साह स्थायी भाव भई वीर रस परिपाक हुन्छ । माया - प्रीति र ख्याल - ठट्टा मुख्य विषय हुँदा हास्यरस र प्रीति विषय गीतमा रति स्थायी भाव हुँदा श्रृङ्गार रस परिपाक हुन्छ । पाका मानिसले गीत गाउँदा शान्ति-भक्तिका गीत गाउँछन । देवपितृ बुझाउनगाइने साम्लोमा करुणा रस हुन्छ । गायनका स्थान, गायक, उद्देश्य अनुसार भिन्न रस परिपाक हुन्छ । हाक्पारेमा स्थानीय परिवेश चित्रण हुन्छ । एक हरफमा प्रकृति र अर्को हरफमा मानव जीवन हुन्छ । गायकको आफ्नै पिडा, ब्यथा, हर्ष, उन्माद, प्रेम, विरक्ती, अनुराग जस्ता गहिरो अनुभुतीले गीतका भाव र शैली बन्छन । प्रस्तोता आलम्वन विभाव हुन्छ । स्थानीय प्रकृति हाक्पारेको उद्दीपन विभाव हुन्छ । गितको मर्मले हृदयमा स्पर्शको अनुभव हुन्छ । यसबाट शरीरमा चापल्य, हर्ष, विषाद आदि व्यभिचारी उत्पन्न भइ सञ्चार हुन्छ । व्यभिचारी भावले रातिहास शोक आदि स्थायी भावलाई जागृत गरेपछि रस परिपाक हुन्छ । यसरी हाक्पारे गीतमा विभाव, अनुभव, व्यभिचारी भावको संयोजनबाट रसको परिपाक हुन्छ ।

**अरुण उपत्यकाको हाक्पारे गीत**

अरुण उपत्यका समुन्द्री सतह बाट ४५७ मी. उचाइमा रहेको विश्वकै होचो उपत्यका हो । अरुण उपत्यका भोटखोलाको गोलाबाट धनकुटाको लेगुवासम्म विस्तारित छ । सङ्खुवासभा, भोजपुर र धनकुटा जिल्ला यस भुभागले समेटछ । अधिकांश किराँत र खस गुरुङ शेर्पा, भोटे, मगर, नेवार, तामाङ, दलित समुदायको बसोबास छ । किराँतहरुमा मुख्यत: कुलुङ, याम्फु, लोहोरुङ, मेवाहाङ, याख्खा, लिम्बुहरु छन । हाक्पारे किराँतहरुको मौलिक, सांस्कारिक र ऐतीहासिक गीतका रुपमा गाउन थालीएको हो । पछिल्लो समयमा सबै जातिले गाउँछन । हाक्पारेको उत्पति र नामकरण सम्बन्धमा किम्वदन्ती छन । टंक केसीले सङ्कलन गरेको किंवदन्तीअनुसार तमोर नदीको किनारको 'हाक्पारे' गाउँ पारीबाट ढाक्रे-बटुवाले डाको हाल्दा (कुलुलुलु) गर्दा पहरोले 'हापारा' भन्ने जवाफ दिएकाले गीत हाक्पार हुँदै हाक्पारे बन्न गएको हो (राई २०७९) । धनहाङ सुब्बाको लोकवार्ताअनुसार लिम्बू समुदायबीचमा हाङ भनेको राजा र पारे भेनेको बोल्यो हो । यही हाङपारेनै व्युत्पती भएर समय क्रममा हाक्पारे भएको हो । पछि हाक्पारे साम्लोको रुपमा धैरै प्रचलित छ (२०७९ ) । किंवदन्तीअनुसार कुनै लिम्बूका चेली माइती लेक डुल्नु जाँदा बिषको गन्धले हप्तौं दिन बेहोस भए । जङ्गली चरीहरुले फुल भाँची खाई नष्ट गरिसकेको अवस्थामा ब्युँझिए । फुललाई पहिलेकै अवस्थामा जगाउन सम्केलीकेला केवाङ फुङबाले पहिलो पटक ए......भन्ने लय निकाले र फुलहरु जस्ताका तेस्तै भए । यसैबाट हाक्पारेको सुरुवात भएको हो (सम्बहाम्फे ,२०७२) ।

विस्कुनको खुकुरा धपाउन हा..... हा..... हा.... भन्दा पालमको लय बनेको हो (सम्बहाम्फे, २०७२) । मकालु गाउँपालीकाका बद्री याम्फु भन्छन् - याम्फु भाषाका हाख्खा... शब्द अपभ्रश भएर हक्पारे बनेको हो । हाक्पारेको उत्पतिसम्बन्धी किंवदन्तिहरूको आधारमा हाक्पारे किराँत सभ्यताको एक दस्तावेज मान्न सकिन्छ । मातृप्रधान समाजमा किराँतहरुले माङ (बजु - नायक) लोकदर्शन परम्परालाई सञ्चार गर्न प्रयोग भएको हो । सुरुमा नीति - नियम चलन, बताउँदा माङपा (बजुसत्ताको कारिन्दा) - पुरुषपूजारीले फलाकदाहाँ ! बाट सुरु गर्छ । नाँदलाई आधार बनाएर पा (पुरुषअगुवा /मुली)ले गर्ने विधि - मुन्धुमीलयलाई हाक्पारे भनियो । अर्कातर्क माङप्रधान सत्ताबाट हाङप्रधान (पुरुषसत्तामा) हस्तान्तरण हुन थालेपछि हाँ+कँपा( कोँपा =बाजे/ फुपा) को संयोजन नैहाँ+कपा+रे =हाक्पारे भएको हो । यही सन्दर्भ लिम्बूहरूको संस्कृतिमा माङपा हस्तान्तरण हाङपा भयो । त्यही हाङपाले मौखिक लय पाठ गर्ने धुन नै हाङपारे = हाक्पारे भएको देखिन्छ (हर्तम्छाली,२०७४) । नारदमणि हर्तम्छालीले लयका आधारमा हाक्पारे गीतको दस प्रकार बतएका छन् । चाम्लिङ / बान्तावा / साम्पाङको कुलपूजा: माङ/पितृ गर्दा लिम्बु जातिको सामुइ साम्लो, धामी गीत, रिसीया(शब्दनमुना)कुलुलुलु ! (सुइसुलापार्दै, पातको पिपिरी बजाँउदै), लम्वरीभाका, सोझोभोका (घर आँगनी - वनजङ्गल दुबैमा गाईने ) ठाडोभाका ( प्रय:वनजङ्गलमा गाइने ) छिटो हाक्पारे (लहरे) गोठालो -

खेताले, पालाम हाक्पारे (पा=बाउ-बाजे+लाम= बाटो / सिको) सिली (अभिनय , ढोल , झ्याम्टाहरु समेत) सैमालुङमा डम्फू हाहा - हर्तम्छाली, २०७८, ८) ।

**रस सिद्धान्तका आधारमा अरुण उपत्यकाका हाक्पारे गीतको विश्लेषण**

हाक्पारे गीतमा पहिलो पाउ र तुकबन्दीहरू केवल उठाउनका लागि मात्र आउँछन् । पहिलो पाउमा प्रकृतिको चित्रण हुने हुनाले असम्बद्धदेखिएपनि उद्दीपन विभावको काम पहिलो पाउले गरेको हुन्छ । कोरारसका रूपमा आउने हुर्रर इ .... डानाले, कठैबरी, ज्युझस्सै, हजुर  आदीले रसपरिपाकमा बल पुर्याउदछन् । यो उपत्यकाका हाक्पारे गीतमा नौ रसको खोजी र रस परिपाक प्रक्रियाको विश्लेषण गरिएको छ । हाक्पारेमा श्रृङ्गार रस पूर्वीय साहित्य सिद्धान्तमा संभोग  श्रृङ्गार रविप्रलम्भ श्रृङ्गार गरी रसका दुई भेद हुन्छन् । तत्र श्रृङ्गारस्य द्वौभेदौ, संभोगविप्रलम्भश्च (मम्मट २०५०, १२१) ।

**हाक्पारेमा सम्भोग श्रृङ्गार र रसको परिपाक**

उदाहरण: नायक – हन हर्रर ..... सिलिगुडीबाट रेलगाडी आयो घुम्तीमा हजुर घुमेर ....
गाउँखाने धामी .... ज्यूतिमी हामी, अरुणै धाँउदा फूलटिप्न आउँदा, मायाको साथमा ... जुनेली रातमा घुम्तीमा लेट भो ... सन्जोगले भेट भो, आजको दिन.... लजायौ किन, शितलु छाँया ... लाइराखुँ माया, गाईभैसीँ गोठमा चुमुला ओठमा..... मिठो छ साइली उमेर ।
नायिका: होलान तौ हजुरौ । ज्यू झस्सै भन्नोसै । लाहुरे र दाइको पहिरान गलेर नारान हैरान ।

उदाहरणमा तुकबन्दीसहितका स्थायी र अन्तराहरुमा सम्भोग श्रृङ्गार छ । प्रस्तोता आलम्बन विभाव हो फूलबारी, अरुण नदी, जुनेली रात, शीतल छाँया, एकान्त स्थल उद्दीपन विभाव हुन । फूल टिप्न आउनु, संयोगले भेट हुनु, नायकले ओठमा म्वाइ खाने प्रस्ताव राख्नु अनुभव हुन्, लजाउनु  संञ्चारी भाव हो । रति यसको स्थायी भाव हो । यसमा विप्रलम्भ श्रृङ्गार रस छ । प्रस्तोतामा पहिले अनुरक्ति देखिएको छ । नायकको क्रियाकलाप र अभिव्यक्तिबाट नायिकामा लज्जा र चपलताको सञ्चार हुन गई भावकमा निहित रित भावलाई उद्देलन गरिएको छ । यस प्रकार विभाव, अनुभव र व्यभीचारी भावसँग स्थायी भावको संयोजन भई श्रृङ्गार रसपरिपाक भएको छ ।

**हाक्परेमा विप्रलम्भ श्रृङ्गार र रसको परिपाक**

विप्रलम्भ श्रृङ्गारमा अभिलाषा, ईर्ष्या, विरह तथाशापपाँचप्रकारका हेतु हुनाको कारण विप्रलम्भ श्रृङ्गार पाँच प्रकारका छन् । यहाँ अभिलासको हेतुबाट निस्पादन भएको विप्रलम्भश्रृङ्गार रसको सोदाहरण चर्चा गरिन्छ । मनको धोको अधुरो रहेकोले समागम हुने अवसर प्राप्त भएको देखिदैन । यसको उदाहरणको हेतु अभिलाषा हो । समागम भइसकेको अवस्थामा विरह हुन्छ । अपरस्तु अभिलाषविरहेष्यविप्रवासशापहेतुक इति पन्चविध (मम्मट २०५०, १२३) ।

उदाहरण: के दिनु चिनु यही आँशु लिनु छुटिने बेलैमा
मनको धोको अधुरै रहयो.....च्युरीबास धारा...मायालु पारा....लाहुरेको जीवन...लडाइँको मैदान...खोला ज्यान धाउनु....सम्झेर आउनु चढेर जानु रेलैमा ।

उदाहरणमा प्रस्तोताका रुपमा नायिका आलम्बन विभाव हुन् । लडाइँको मैदान, रेल उद्दीपन विभाव हुन् । चिनो दिनु, रेल चढेर जानु, सम्झेर आउनु अनुभाव हुन् । मोह तथा विषाद (उदासी) व्यभिचारी भाव हो । रति यसको स्थायी भाव हो । यसमा विप्रलम्भ शृङ्गार  रस छ ।

नायिकामा पहिलो अनुरक्ति देखिएको छ। वियोग त छ तर भेट हुने सम्भावनालाई नकार्दैन। छुट्नुपर्दा उदासी देखिन्छ। पुन: सम्भोगको प्रापत्यासा जीवित छ। विभाव, अनुभाव, व्यभिचारी भावको स्थायी भावसँग संयोग भएर प्रवासहेतुक विप्रलम्भ शृङ्गार रस परिपाक भएको छ। विप्रलम्भे रतिस्थायी पुन सम्भोग हेतुक: (२०५५,२९)

**हाक्पारेमा हास्य रस र यसको परिपाक**

रुख काट्ने कैंची ..भिर चर्यो भैंसी...केश काट्ने हजुर बन्चरो,
भ्यागुता लाउँछ इस्टकोट साईंली छेपारालाई जामा एकसरो
हानाहाना हुँर्रे लौ ढेपारी...हाँसैरै गल्यो छेपारी। (डम्बरबहादुर गुरुङ, चिचिला)

उदाहरणमा प्रस्तोता अलम्वन विभाव हो। भैँसी, भ्यागुता, छेपारो, कैचि, बन्चरो, इस्टकोट, जामा उद्दीपन विभाव हुन्। कैँचीले रुख काट्नु, बन्चरोले केश काट्नु, भ्यागुताले स्टाकोट लाउनु, छेपारोले एकसरो जामा लगाउनु अनुभव हो। औत्सुक्य सञ्चारी भाव हो। हास स्थायी भाव हो।

**हाक्पारेमा करुण रस र यसको परिपाक**

डिवी आङबुङले भावर्थ गरेको लिम्बुको मृत्यु संस्कारमा गाइने साम्लो हाक्पारेमा करुण रस हेरौँ।

बाँसैको घरमा, काठैको घरमा, लोदरै लाग्यो अबासै भयो।
चट्याङ नै झर्यो, बज्र नै पर्यो,परान नै गयो, जीवन नै टुट्यो।
मृत्यु को मनले आकाशै खस्यो। (राई,४१)।

उदाहरणमा प्रस्तोता आलम्वन विभाव हो। चट्याङ, बज्र, मृत्यु बाँस र काठको घर आदि उदिपन विभाव हुन्। आकाश खस्नु, घरमा चट्याङ(बज्र) खस्नु, लोदर लाग्नु, जीवन टुट्नु, परान जानु अनुभव हो। स्मृति र विषाद् सञ्चारी भाव हुन्। शोक स्थायी भाव हो। करुण रस छ। शोकस्थायिता भिन्नो विप्रलम्भदर्य रस; (मम्मट,२०५०,१२९)। गितमा विलापको प्रसङग छ। जीवन टुट्यो, परान गयो जस्ता वाक्यले घरका परिवार जनको मृत्यु भएको सङकेत गर्छ। पुनर्मिलनको आशा छैन। बाँस काठको घरमा बज्र, चट्याङ, आकाश खस्नु जस्ता वाक्यांश विपत्ति, वियोग र वेदना मिश्रित पिडा व्यक्त गर्ने सन्दर्भमा आएका छन्। लोदर लाग्नु, अवास लाग्नु अनुभुति हुन्। मृत्युमा गरिएको विलापले भावकको मनमा शोक जागृत गरी करुण रस परिपक भएको छ।

**हाक्पारेमा रौद्र रस र यसको परिपक**

उन्नाइसौं शताब्दीको छैँटौदशकतिर अरुण नदीको विनाशकारी पहिरो माङतेवा गाउँमा सर्वनाश गरेका घटनाको सम्झनामा गाइने हाक्पारे गितमा प्रयुक्त रौद्र रसलाइ हेरौँ:

माङतेवा पहिरो उर्लेर आयो अरुण ज्यान रिसायो,
अरुण नि बढ्यो, नदी रुख चढ्यो, माहाकाल जस्तो हेर्दै कस्तो कस्तो ?
किनारा सम्मै, खाइदियो जम्मै...... वगरमा हजुर मिसायो।
कुर्रै... माङतेवा पाहिरो के पाहिरो, यो मनको पाहिरो झन् गहिरो। (क्या. मनप्रसाद राई, शिलिचोङ्)।

उदाहरणमा प्रस्तोता आलम्वन विभाव हो। पहिरो, अरुण नदी, पहिरोले बगाउँदै गरेको माङतेवा गाँउ, वस्ती उद्दीपन विभाग हो। पहिरोले गरेका उपद्रव र नोक्सानी अनुभाव हुन्। उग्रता र आवेग सञ्चारी भाव हुन्। त्रोध स्थायी भाव हो। यसमा रौद्र रस छ।

आलम्बन विभाग रुपमा प्रस्तोताले माङ्तेवा गाँउमा पहिरोले गएकको बस्ती बगाएर अरुणमा मिसाएको, नदी बाढीले कालो-मुस्लो हुँदै गरेको परिवेशलाई उद्दीपन विभावको रूपमा प्रस्तुत गरेका छन्। अरुणले सिङ्गो बस्ती बगाउनु किनाराका बालिनाली नष्ट गर्नु अनुभावका रूपमा आएको छन्। अरुण नदीको आवेग र कठोरताले लिएको उग्रता सञ्चारी भाव हुन्। नदी र बाढीप्रति सामाजिकमा रहेको क्रोध स्थायी भाव हो। यसरी रौद्र रस पारिपाक भएको छ। माङतेवापहिरो के पहिरो, यो मनको पहिरो ....झन् गहिरो  भन्ने तुकले आक्रोस र पिडालाई अझ गहिरो बनाएर रसको उपकार गरेको छ।

**हाक्पारेमा वीर रस र यसको परिपाक**

आनन्द लहरीबाट कण्ठ गरेर मेरा पिता खेमबहादुरले गाएको यो हाक्पारे पनि अरुण उपत्यकामा चलेको थियो।

> ए हन हुँरै ....एकपाते मकै दुईपाते भयो कुटोले हजुर गोडेर,
> सीताजी भेट्न ...कुन वीरले सक्थ्यो ...समुन्द्र नाघी ...लङ्किनी मारि ..हनुमान लै लै ..छोडेर। (पिता खेमबाहादुर )

वीर चार प्रकारका छन्–युद्दवीर, दानवीर, दयावीर, धर्मवीर। उदाहारणमा युद्धवीर र दयावीर हनुमानको चरित्र चित्रण छ। रामायणको सुन्दरकाण्डसम्बन्धी यस अन्तरामा नायक हनुमान आलम्बन विभाव हो। दुखी सीता र समुद्र उदद्दीपन विभाव हुन्। हनुमानले समुद्र नाघ्नु, लङ्किनी मार्नु, सिताजी भेटनु जस्ता साहासिक काम अनुभाव हुन्। गर्व सञ्चारी भाव हो। उत्साह स्थायी भाव हुनाले वीर रस छ।

आलम्बन विभावका रूपमा हनुमान छन्। रावणद्वारा अपहरित सीता, अलङघ्य समुद्र, डरलाग्दी लङ्किनी उद्दीपन विभाव छन्। हनुमानले गरेका समुन्द्र नाघ्ने, लङ्किनीलाई युद्धमा मार्ने र सिताजीलाई भेटेर उद्धार गर्ने जस्ता वीरतापूर्ण कार्य अनुभावका रूपमा आएका छन्। सामाजिकका मनमा हानुमानप्रति गर्व, लङ्किनीप्रति क्रोध र सीताप्रति दयाको सञ्चार भएको छ। सामाजिकका मानमा रहेको स्थायी भाव उत्साहलाई क्रोधादी सञ्चारी भावले जागृत गराँउदा वीर रस परपाक भएको छ। हनुमानले सीतालाई, उद्दार गर्नु अनुभव मान्दा दया सञ्चारी भाव हुन्छ। दानवीरको रूपमा पानि वीररसको पारिपाक भएको पाइन्छ।

**भयानक रस र यसको परिपाक**

> उदाहरणः चितुवा अघि सोक्पा छ पछि मास्तिर हजुर कालो साप,
> गाईवस्तु हर्के म काम्दै फर्के, खोलिको लेउमा गेठको छेउमा, कुदेर लैलै धापैधाप। (सुरेशकुमार राई, मकालु)।

उदाहारणमा प्रस्तोता आलम्बन विभाग हो। चितुवा, सोक्पा, कालो साप, खोलिको लेउ, धाप उद्दीपन विभाव हुन्। गाईवस्तु हर्किनु, फर्किनु, कुदनु अनुभव हुन्। त्रास सञ्चारी भाव हो। भय यसको स्थायी भाव हो। यसमा भयानक रस छ।

गाई चराउन वनमा गएको गोठालो कालो सर्प, चितुवा र सोक्पा जस्ता बिषालु, हिंस्रक जन्तुहरुको घेरामा परेको छ। काल समान जनावार देखेर गाई तितरबितर भएका छन्, गोठालो धापमा भास्सिदै भागेर गोठतर्फ आएको छ। भयले काँपेको छ। विभाव अनुभावले व्यभिचारी भाव त्रासको सञ्चार भएपछि भावकमा भएको स्थायी भाव भयलाई जागृत गरिदिन्छ। यसरी भयानक रस परिपाक भएको छ।

**हाक्पारेमा विभत्स रस र यसको परिपाक**

उदाहारणः अघोरी आयो ......मुर्दा ज्यान खायो ....खोलाको किनारमा निकाल्यो लादी ...कोपर्यो आधी ...दाँत गाड्यो निधारमा ...हजुर हौ ....।

उदाहारणमा प्रस्तोता आलम्बन विभाव हो । खोला किनार, अघोरी, मुर्दा लादी, उद्दीपन विभाव हुन् । अघोरीले मुर्दा खानु, लादी निकाल्नु, कोपार्नु, दाँत गाड्नु अनुभाव हुन् । जडता सञ्चारी भाव हो । जुगुप्सा यसको स्थायी भाव हो । यसमा विभत्स रस छ ।

प्रस्तोता खोलाको किनारमा पुग्दा अघोरी बाबा आएर धमाधम लास खाएको देख्छन् । मुर्दाको शरिरमा दाँत गाडेर लादी समेत निकालेपछि अनिष्ट दर्शन भएर व्यभिचारी भाव जडता सञ्चार भएको छ । भावकको मनमा सुषुप्त रहेको स्थायी भाव जुगुप्सा जागृत भई विभत्स रस परिपाक भएको छ ।

**हाक्पारेमा अद्भुत रस र यसको परिपारक**

किराँत याख्खाले गाउने मुन्धुमी हाक्पारे हेरौं:

उदाहारणः ओ रिल्लो....उहिलेमा उहिले ....सारै नै उहिले ....जुन घाम नि थेन बादल नि थेन,
फन्फनी घुम्ने ...पिर्थिबी थेन, हरियो भन्ने रुख पानि थेन ...थिएन अरे आकास नि ।
ओ रिल्लो ...पशु नि थेन, पर्वत नि थेन, मान्छे नि थेन, माछा नि थेन ।
उहिलेमा उहिले सृष्टि भन्दा पहिले, थिएन अरे हौ बतास नि । (राई,२०६६, ४४)

उदाहारणमा प्रस्तोता आलोम्बन र सृष्टि अघिको आश्चर्यजनक दृश्य उद्दीपन विभाग हो । सृष्टिपूर्व केही नहुनु अनुभाव हो । औत्सुक्य सञ्चारी भाव हो । विस्मय यसको स्थायी भाव हो यसमा अद्भुत रस छ । प्रस्तोता आलम्बन विभाव छ । घाम, जून, पृथ्वी, पशु, मान्छे, हावा, पानी, वादल केही नभए अलौकिक दृश्य उद्दीपन विभावका रूपमा आएका छन् । शून्य हुनु अनुभाव हो । भावकले दीर्घ निश्वास लिएर आँखा चिम्लंदा औत्सुक्यको भाव सञ्चार हुन्छ । स्थायी भाव विस्मय जागृत भएर अद्भुत रस परिपाक हुन्छ ।

**हाक्पारेमा शान्त रस र यसको पारिपाक**

कुलुलु.....गौथली ज्यान्ले ज्यान गुँडै लायो धर्म साल नि हौ पाटीमा ।
जन्माको ठाँउमा ...बाँचुन्जेल सम्म ...मरे नि हौ माटीमा ।
अरुणै तर्नु ....राम रहुस गर्नु ...घाँस काटी टुनि ...मान्छेको जुनी मारेलाई नि हौ माटीमा । हजुर हौ (कलाङ्ग, २०७४, मधुपर्क, स्वर्णअङ्क) ।

उदहारणमा प्रस्तोता आलम्वन विभाव हो । धर्मसाल पाटी,जन्मेको ठाँउ,अरुण,माटी उद्दीपन विभाग हुन् । धर्मसाल पाटीमा गौँथलीले गुँड लाउनु र मानिसले बाचुन्जेल राम-रहुस गर्नु उस्तै हुनु, मरे माटीमा पुग्नु पर्ने अनिवार्यताको ज्ञान हुनु आदि अनुभव हुन् । जाग्नु सञ्चारी भाव हो । निर्वेद स्थायी भाव हो । शान्त रस हो । गौँथलीले धरमशाल भाटिमा गुँड लाएजस्तै जिन्दगी अस्थयी छ । बाँचुन्जेल हासखेल गरे पानि एक दिन मृत्यु अवश्यांभावी छ । मृत्युपछि माटीमै पुगिने भएकोले तेरोमेरो भनेर स्वार्थमा अल्झिनु वेकार छ भन्ने भाव छ । नीतिमार्गको अनुकरण तर्ने सत्यको ज्ञानले निद्रा खुलेको छ । भावकको मनमा व्यभिचारी भावको सञ्चार भई निर्वेद स्थायी भावलाई ब्युँझाएपछि शान्त रस परिपाक हुन्छ ।

## निष्कर्ष

अरुण उपत्यका हाक्पारे गीतको उपजीव्य भूमि हो। हाक्पारे गीत लिम्बू, लोहोरुङ, सुनुवार, याख्खा, याम्फू, सबै किराँतहरूको मुन्धुमी दर्शन हो। मौखिक अर्थात् थुतुरी वेदको निरन्तरता हाक्पारे गीत हो। जन्म, विवाह, मृत्यु संस्कारदेखि मेलापात, हाटबजार र पर्वहरूमा जीवनका अनुभूति हाक्पारेबाटै प्रकट गर्दछन्। आज सबैको अभिन्न लोक अभिव्यक्ति बन्न पुगेको छ। हाक्पारेमा पाइने तुकबन्दी, थेगो, निपात, विस्मयादी तथाआलङ्कारिक भाषाशैली निकै सिद्धहस्त कविकृत महाकाव्यमा पाउन मुस्किल छ। गीतमा रसभन्दा बढी भावको प्रधानता पाइयो। प्रस्तोता नै आलम्बन विभाव हुन्छ। सिङ्गो सभ्यताको प्रतिविम्ब बोकेको समृद्ध हाक्पारे भाकालाई मोफसलमा हुनुको पीडा छ। यो लेखमा निश्चित भूगोलको नेपाली भाषामा गाइने झ्याउरे लयका हाक्पारेको मात्र रस सिद्धान्तको आधारमा सामान्य विश्लेषण भएको छ। सबै मातृभाषामा गाइने हाक्पारेको खोजी र विश्लेषण आजको अपरिहार्य प्राज्ञिक खाँचो हो। गोठाला, खेताला, ढाक्रे, घाँसी, दाउरेले वनपाखामा गाउने गीत भन्ने भाष्यका कारण साहित्यशास्त्रीको नजरबाट ओझेलमा परेको छ। पूर्वीय साहित्य शास्त्रमा स्थापित साहित्य सिद्धान्तमा हाक्पारेको विवेचना हुन सकेको छैन। पूर्वीय काव्यतत्वको आधारमा अरुण उपत्यकाको लोकगीतको अध्ययन विश्लेषण गर्नसके नेपाली साहित्य समृद्ध बन्ने देखिन्छ।

## सन्दर्भसूची


आचार्य, विश्वेश्वर, (सन् १९९८), *काव्यप्रकाश,* ज्ञान मण्डल लिमिटेड।

पण्डित, जगन्नाथ, (२०६८), *रसगंगाधर,* चौखम्बा कृष्णदास अकदमी।

आचार्य, विश्वनाथ, (२०५०), *साहित्य दर्पणम्* कृष्णदास अकदमी, वाराणसी।

साम्बाहाम्फे, अम्बिकाकुमार, (२०७२), *चार माया पालाम,* पाठ्यक्रम विकास केन्द्र।

राई, जमुना, (२०६६) *किराँत जातिमा प्रचलित हाक्पारे गीत,* आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान।

बुढाथोकी, ताराबहादुर, (२०७२), *अरुण उपत्यकाको लोकभाका,* लायन्स मनाराम प्रतिष्ठान।

कलाङ, हार्तम्छाली नारद, (२०७४), *किराँत संस्कृतिमा: हाक्पारे संगीतको परम्परा र लोकाधुनिकक्रम-एक चर्चा,* मधुपर्क ५० स्वर्ण वर्ष, गोरखापत्र संस्थान।

राई, गोविन्द, (२०७९), *सङ्खुवासभा जिल्लाको अरुण उपत्यकामा हाक्पारे भाकाको विश्लेषण,* ललितकला विभाग।